मिति २०७८।०३।७ गतेको ५४ औं गाउँ कार्यपालिकाका प्रस्ताव तथा निर्णयहरु ।

प्रस्तावहरु :

१. गाउँ कार्यपालिकाको ५३ औं बैठकको समिक्षा सम्वन्धमा ।

२. मल्लरानी गाउँपालिकाको विद्युतीय हाजिरी प्रणाली संचालन निर्देशिका २०७८ को छलफल तथा पारित सम्वन्धमा ।

३. आ व २०७८।०७९ को नीति तथा कार्यक्रम स्वीकृत सम्वन्धमा ।

४. मल्लरानी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधी २०७८ सम्वन्धमा ।

५. राजश्व परामर्श समिति संचालन कार्यविधी २०७८।

६. मल्लरानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसंचालन कार्यविधी २०७८ सम्वन्धमा ।

७. आ व २०७७।०७८ को जेष्ठ महिना सम्मको अनुगमन प्रतिवेदन सम्वन्धमा ।

८. मल्लरानी गाउँपालिका भित्रका घर जग्गाको मुल्यांकन सम्वन्धमा ।

९. तारजाली तथा पाईप खरिद सम्वन्धमा ।

१०. विस्तृत परियोजना प्रतिवेदन सम्वन्धमा ।

११. आ व २०७७।०७८ को जेष्ठ महिना सम्मको न्यायीक समिति प्रतिवेदन सम्वन्धमा ।

१२. सहयोग सम्वन्धमा ।

१३. मल्लरानी पर्यटकीय क्षेत्र विकास सम्वन्धमा ।

१४. रकमान्तर सम्वन्धमा ।

१५. विविध ।

निर्णयहरु :

निर्णय नं १ : मिति २०७८।०२।१९ गतेको ५३ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समिक्षा गरियो र कार्यान्वयन चरणमा रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न र कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित शाखा र वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णयहरुको समिक्षा

क्र सं	निर्णयको भएको विषय	कार्यान्वयन भएको	कार्यान्वयन चरणमा रहेको	कार्यान्वयन नभएको	जिम्मेवार शाखा र वडा
१	आ.व. २०७६।०७७ को म.ले.प. प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरि वेरुजु देखिएका विषयमा आवश्यक कार्यका लागि विषयगत शाखा र वडाहरुमा पत्राचार गर्ने ।	भएको			सबै विषयगत शाखा र वडा कार्यालयहरु
२	आ.व. २०७८।०७९ का लागि यस मल्लरानी गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय तथा प्राथमिकताका क्षेत्र तोकी गाउँपालिकामा उपलव्ध गराउन विषयगत शाखा तथा वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।	भएको			सबै विषयगत शाखा र वडा कार्यालय
३	प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०७७।०७८ मा संचालन गर्ने योजनाहरु थप गरि संचालन गर्ने ।	भएको			रोजगार सेवा केन्द्र
४	कोभिड महामारिका कारणले चालु शैक्षिक सत्र २०७७ मा विद्यालयहरुमा बार्षिक परीक्षा सञ्चालन गर्न सम्भव नरहेकोले अर्धबार्षिक परीक्षा लगायतका आन्तरिक मूल्याकनका आधारमा अन्तिम नतिजा प्रकाशन गर्ने	भएको			शिक्षा शाखा

निर्णय नं २ : मल्लरानी गाउँपालिकाको विद्युतीय हाजिरी प्रणाली संचालन निर्देशिका २०७८ माथि छलफल गरि सर्वसम्मतले स्वीकृत गरियो र सोको अनिवार्य कार्यान्वयन गर्न यस गाउँपालिका अन्तर्गतका कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ३ : मल्लरानी गाउँपालिकाको आ व २०७८।०७९ को नीति तथा कार्यक्रम स्वीकृत गरि अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : मल्लरानी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधी २०७८ सर्वसम्मतले पारित गरियो ।

Scanned with CamScanner

निर्णय नं ५ : राजश्व परामर्श समिति संचालन कार्यविधी २०७८ सर्वसम्मतले पारित गरियो।

निर्णय नं ६: मल्लरानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसंचालन कार्यविधी २०७८ सर्वसम्मतले पारित गरियो ।

निर्णय नं ७ : आ व २०७७।०७८ को जेष्ठ महिना सम्मको अनुगमन प्रतिवेदन सर्वसम्मतले पारित गरियो।

निर्णय नं ८: मालपोत कार्यालय प्यूठानको च नं २०७१ मिति २०७८।०२।१७ गतेको घर जग्गा मुल्यांकन सम्वन्धमा प्राप्त पत्रानुसार गाउँपालिका र वडाहरुमा रहेका जग्गाको तपसिल वमोजिम मुल्यांकन गरियो ।

- साविक खलंगा गा. वि. स. वडा नं ६ को भटेनरी चोक देखि खानेपानी चोक सम्म मोटरवाटो दायाँ वायाँ प्रति आना रु ४००००। (चालिस हजार मात्र)
- साविक चुँजा गा. वि. स. वडा नं ७ खैरेनी खेत मोटर बाटो दायाँ बाँया प्रति आना रु ४००००। (चालिस हजार मात्र)
- साविक धरमपानी गा. वि. स. वडा नं ९ को चुँजाठाटी बजारमा मोटरबाटो दायाँ र वायाँ प्रति आना रु ४००००। (चालिस हजार मात्र)

उल्लेखित स्थान बाहेकका सवै स्थानमा पहिलेकै मुल्य यथावत राखी मालपोत कार्यलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं ९ : अविरल बर्षासंगै देशभरमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोप वढ्दै गईरहेको अवस्थामा हाल यस मल्लरानी गाउँपालिकाका विभिन्न वडाहरुमा निर्माण सम्पन्न भएका तथा निर्माणाधिन मोटरबाटोहरुमा क्षति पुगेको साथै विभिन्न वस्तिहरु जोखिममा परेकोले पूर्वाधार तथा वस्ती संरक्षणको लागि रु ५ लाख वरावरको तारजाली र रु ५ लाख वरावरको पाईप खरिद गरि सम्वन्धित जोखिम क्षत्रमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं १० : मल्लरानी गाउँपालिकाका विभिन्न वडाहरुमा तपसिलका मोटरमाटोहरुको विस्तृत परियोजना प्रतिवेदन तयार भई मिति २०७८।०३।०३ गते Presentation भईसकेकोले उक्त प्रतिवेदन सर्वसम्मतले पारित गर्ने र भुक्तानी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल

- सिर्सेगैरा मुन्डाँडा चुँजाठाटी चोरपानी धरमपानी रिङ रोड ।
- झिम्रुकखोला पाण्डेडाँडा झाक्रिस्थान भन्ज्याङ कात्रेखोला गुठकसेरी रोड ।
- चुँजाठाटी कुडारा वान्ना मर्भुङ रोड ।

निर्णय नं ११ : आ व २०७७।७८ जेष्ठ महिना सम्मको न्यायीक समितिको प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं १२ :

- मल्लरानी गा पा वडा नं ४ पाण्डेडाँडा निवासी श्री प्रकास वस्तेतको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गामा जस्तापाताले छायको कच्चि घर मिति २०७८।०३।०२ गतेका दिन आएको अविरल बर्षाका कारण भत्किन गई पूर्ण क्षति भएकोले निजलाई सहयोग स्वरुप रु १२०००। अक्षरुपी बाह्र हजार मात्र उपलव्ध गराउने निर्णय गरियो ।
- कोभिड १९ को महामारीको समयमा यस मल्लरानी गाउँपालिकाले गाउँपालिका भित्रका विभिन्न वडा कार्यालयहरुमा क्वारेन्टाईन संचालन गरेको समयमा क्वारेन्टाईनमा खाना पकाउने भाँडा सरस्वती टोल सुधार समितिबाट ल्याईएकोमा विभिन्न कारणले नस्ट भएका भाँडा वरावरको रकम सरस्वती टोल सुधार समितिलाई उपलव्ध गराउने र सहयोग गरेवापत उक्त समुहलाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं १३ : मल्लरानी पर्यटकीय क्षेत्र विकासका लागि मिति २०७८।०२।१९ गतेको कार्यपालिका बैठकमा बोलपत्र आह्वान सम्वन्धमा निर्णय भएको र सो संरचनाको संवन्धमा गाउँपालिकाका वुद्धिजिवी वर्ग संग छलफल गरी सामुदायिक वनको कार्ययोजना अनुसार अगाडि वढाउने दिने निर्णय गरियो ।

निर्णय नं १४

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं ५२० मिति २०७८।३।२ गतेको पत्रानुसार बहुक्षेत्रीय पोषण कार्यक्रमको खर्च सम्वन्धमा कार्यक्रम कार्यान्वयन गर्दा बाँकी हुन जाने रकमवाट गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारिसमा गाउँपालिकाले निर्णय गरि कोभिड १९ का कारण संकटापन्न विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई पोषिलो झोला वितरण लक्षित समुदायका सदस्यहरुलाई बीउविजन वितरण लगायतका पोषण सुरक्षामा सहयोग पुग्ने कार्यक्रम संचालन गर्ने भनिएकोले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत स्वीकृत शिर्षकहरु तपसिल वमोजिम परिमार्जन गरि संचालन गर्ने निर्णय गरियो ।

क्र सं	कार्यक्रमको नाम	रकम	परिमार्जन हुने शिर्षक	रकम
१	गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुलाई पोषणको महत्व बहुक्षेत्रीय पोषण योजना यसको कार्यान्वयन अनुगमन तथा प्रतिवेदन वारे एक दिवसिय प्रशिक्षण ।	३४०००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई चामल, दाल, हर्लिक्स, चेवनप्रास, काजु वदाम आटा, अन्डा, सावुन, टावेल सहितको पोषिलो झोला वितरण	

Scanned with CamScanner

२	वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुलाई पोषणको महत्व बहुक्षेत्रीय पोषण योजना यसको कार्यान्वयन अनुगमन तथा प्रतिवेदन वारे एक दिवसिय प्रशिक्षण ।	१०००००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई चामल, दाल, हर्लिक्स, चेवनप्रास, काजु वदाम आटा, अन्डा, सावुन, टावेल सहितको पोषिलो झोला वितरण	
३	विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुलाई लैङ्गिक हिंसा न्यूनिकरणका लागि अभिमुखिकरण कार्यक्रम	१०००००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई चामल, दाल, हर्लिक्स, चेवनप्रास, काजु वदाम आटा, अन्डा, सावुन, टावेल सहितको पोषिलो झोला वितरण	
४	माध्यामिक तहका किशोरिहरुलाई प्रजनन् स्वास्थ्य महिनावारी जीवनउपयोगी सीप स्वास्थ्य र पोषण बारे अभिमुखिकरण कार्यक्रम	१०००००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई चामल, दाल, हर्लिक्स, चेवनप्रास, काजु वदाम आटा, अन्डा, सावुन, टावेल सहितको पोषिलो झोला वितरण	
५	बाल क्लव गठन पुनर्गठन तथा पोषणको महत्व बारे कक्षागत परामर्श संचालन	७२०००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई चामल, दाल, हर्लिक्स, चेवनप्रास, काजु वदाम आटा, अन्डा, सावुन, टावेल सहितको पोषिलो झोला वितरण	
६	विद्यालयमा पोषण सम्वन्धी हाजिरी जवाफ भाषणकला प्रतियोगिता	७२०००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई उन्नत जातको तरकारीको बीउविजन वितरण	
७	प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरलाई कुपोषण पोषण तथा बाल्यकालिन पोषण तथा स्याहार सम्वन्धी २ दिवसीय तालिम	१०००००	विपन्न सुनौला हजार दिनका महिला बालवालिका तथा किशोरीहरुलाई उन्नत जातको तरकारीको बीउविजन वितरण	
८	विपन्न समुदायका सुनौला हजार	१२५०००	विपन्न सुनौला हजार दिनका	

Scanned with CamScanner

	दिनका आमाहरुको समुहलाई पोषण तरकारी उत्पादन र उन्नत जातका कुखुरा तथा पशुपालन सम्बन्धी १ दिवसिय तालिम		महिला बालबालिका तथा किशोरीहरुलाई उन्नत जातको तरकारीको बीउबिजन वितरण	

- मल्लारानी गाउँपालिकामा आ व २०७७।०७८ मा स्वीकृत कार्यक्रम तर्फ जगतेखोला मसानघाट प्रतिक्षालय निर्माण शिर्षकमा विनियोजित रकम १ लाख बाट वडा नं ५ स्थित ध्वाखोलामा ह्युमपाईप राख्ने निर्णय गरियो ।

<u>निर्णय नं १५ :</u>

- स्वर्गद्वारी क्याम्पस प्यूठानलाई सि सि टी भि क्यामरा जडानका लागि सहयोग स्वरुप रु ८० हजार मेसिनरी तथा औजार शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ व २०७८।७९ मा संचालन हुने आयोजनाहरुको वडा कार्यालयबाट छनौट गरि पेश गर्न पत्राचार गर्ने निर्णय गरियो।
- चालु आ ब ०७७।०७८ मा रहेका सबै योजना तथा कार्यक्रमको भुक्तानीका लागी २०७८।३।१५ गते सम्म यस गाउँपालिकामा भुक्तानीका लागि आवश्यक कागजपत्र सहित पेश गर्नु पर्ने सूचना प्रकाशित भएकोमा सोको कार्यान्वयन प्रभावकारी बनाउन २०७८।३।१५ गते सम्म योजना कार्यक्रम पेश गर्न सम्बन्धित सरोकारवाला सबैलाई यथाशिघ्र पेश गर्न वडा कार्यालय र विषयगत शाखालाई निर्देशन दिने निर्णय गरियो ।

Scanned with CamScanner